मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १७५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ बैशाख ३१ गते शुक्रवार (Friday, May 14. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

कुरीति छ जतासुकै हिमाल, पहाड, तराई आजैबाट रोकौं सबै मिलि बाल विवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

लक्षण नभएकालाई पनि कोरोना

स्वाब लिने ठाउँबाटै संक्रमण फैलिने खतरा बढ्यो

पार्थ मण्डल

झापा, बैशाख ३०। नयाँ भेरियन्टको कोरोना भाइरस संक्रमणको लक्षण नदेखिएका मानिसलाई पनि संक्रमण पुष्टि भइरहेको पाइएको छ ।

संक्रमित भएका साथीभाइ वा आफन्तजनसँग घुलमिल गरेका वा अन्य काम वा प्रयोजनका लागि जानुपर्ने मानिसले कोरोनाको पीसीआर र ऐन्टिजेन परीक्षण गराउँदा झापामा धमाधम संक्रमण पुष्टि हुन थालेको पाइएको हो ।

लक्षण नदेखिएका मानिसमा पनि कोरोना संक्रमण पुष्टि हुन थालेपछि जिल्लामा संक्रमितको सङ्ख्या ह्वात्तै बढेको छ । सङ्ख्या बढेसँगै जिल्लावासी त्रसित बनेका छन् । मेची अञ्चल अस्पताल भद्रपुर र कोटीहोम पिसीआर प्रयोगशाला कनकाईमा जाँचका लागि गएका अधिकांश मानिसमा संक्रमण देखिन थालेको लक्षण नदेखिएका सङ्क्रमितहरूले बताएका छन् ।

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय झापाका उपअनुसन्धान निरीक्षक तिलक शर्मा प्रसाईंलाई मङ्गलवार कोरोना संक्रमण पुष्टि भएको छ । जिल्लास्तरीय कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) का सदस्य समेत रहेका उपअनुसन्धान निरीक्षक प्रसाईंमा नयाँ भेरियन्टको कोरोना संक्रमणको कुनै लक्षण देखिएको छैन । उनी घर बिदा जानु अघि मेची अस्पतालमा गएर पीसीआर परीक्षण गराएका थिए । अस्पतालमा गराएको पीसीआर रिपोर्ट पोजेटिभ आएपछि उनी आफैं छक्क परेका छन् । 'घर जानलाई पीसीआर परीक्षण गराउन खोजेको थिएँ, तर रिपोर्ट पोजेटिभ आएपछि अहिले कार्यालयको होम आइसोलेसनमा बसेको छु'- उनले भने- मलाई संक्रमणको कुनै लक्षण देखिएको छैन, तर सतर्कता अपनाउन एकान्तमा बसेको छु । मैले कोभिडको दुई वटा खोप पनि लगाएको छु, तर पनि संक्रमण देखियो- उनले भने ।

खोप लगाएको व्यक्तिमा पनि संक्रमण देखिएकोले यसबाट जोगिन सबैले स्वास्थ्य मापदण्डको पालना आवश्यक देखिएको उनको भनाइ छ । त्यस्तै संक्रमण पुष्टि भएका लक्ष्मण कट्टेललाई पनि कुनै लक्षण देखिएको छैन । गुप्तचर डटकमका सञ्चालक समेत रहेका कट्टेलको अफिसमा कार्यरत पत्रकारलाई संक्रमणको लक्षण देखिएपछि उनीसहित तीन जना मेची अस्पताल गएर पीसीआर परीक्षण गराएका थिए । तीनै जनाको रिपोर्ट पोजेटिभ आएको उनले बताए । डटकमका सम्पादकलाई मात्र लक्षण देखिएको थियो, म र अर्को साथीलाई कुनै लक्षण देखिएको थिएन र छैन, तर पनि रिपोर्ट पोजेटिभ आयो- उनले भने ।

त्यस्तै बाह्रदशी जेसीजका अध्यक्ष बिगम श्रेष्ठलाई पनि संक्रमणको कुनै लक्षण देखिएको छैन । तर, पनि उनको रिपोर्ट पोजेटिभ आएको छ । पत्रकार महासंघ झापाका सदस्य समेत रहेका श्रेष्ठ मङ्गलवार मेची अस्पतालमा पीसीआर परीक्षणका लागि गएका थिए ।

'बुधवार रिपोर्ट आउँदा पोजेटिभ आयो'- उनले भने- 'काम विशेषले दुई दिन

(बाँकी अन्तिम पृष्ठमा)

पुनः ओली नै प्रधानमन्त्री

झापा, वैशाख ३०। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस सहित नेकपा माओवादी केन्द्रले निर्णायक बैठक बोलाएर सरकार गठनको दावीबाट पछि हटेसंगै केपी शर्मा ओली नेतृत्वमा नै पुनः सरकार बनेको छ ।

बहुमतको सरकार गठनका लागि राष्ट्रपति विद्यादेवी भण्डारीले दिएको समय बिहीबार राति ९ बजे सकिएको हो । योसँगै अब एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा पुनः सरकार बन्न लागेको हो । राष्ट्रपति कार्यालयले बहुमतको सरकारका लागि तोकिएको समयमा कसैले दावी पेश नगरेको बताएको छ ।

राष्ट्रपति कार्यालयका प्रवक्ता रुपनारायण भट्टराईले विज्ञप्ति जारी गरी बहुमतको सरकार गठनका लागि राष्ट्रपति भण्डारीले दिएको बिहीबार राति ९ बजेसम्म कसैको पनि दावी नपरेको बताएका छन् ।

वैशाख २७ गते प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिन नसकी पदमुक्त भएपछि राष्ट्रपति भण्डारीले बहुमतको सरकार गठनका लागि आह्वान गरेकी थिइन् ।

बैशाख २७ गते प्रधानमन्त्री ओलीले संसदमा विश्वासको मत नपाएपछि वैकल्पिक सरकार गठनको दावी गर्दै राष्ट्रपति समक्ष दावी प्रस्तुत गरेका नेपाली कांग्रेस, माओवादी केन्द्र र उपेन्द्र यादव नेतृत्वको जसपा तत्कालपछि सरेका हुन् ।

एमाले अध्यक्ष ओली र एमालेको असन्तुष्ट पक्षका नेता माधवकुमार नेपालबीच वार्ता भएपछि नेपालसम्बद्ध सांसदहरुले पूर्व घोषित कार्यक्रम अनुसार विहीवार दिने भनिएको राजीनामा नदिने भएका थिए ।

त्यसअघि बिहीबार नै जसपाका अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतोले पनि देउवालाई भेटी सरकार गठनमा साथ दिन नसक्ने भनेर पन्छिएका थिए। यी घटनाक्रमसँगै देउवा-प्रचण्ड सरकार गठनको दावी नगर्ने निष्कर्षमा पुगेका हुन् ।

बहुमतको सरकार गठनका लागि प्रतिनिधिसभाका १३६ सांसदको समर्थन आवश्यक पर्छ । तर, नेपाली कांग्रेससँग ६१ दुई निलम्बित र नेकपा माओवादी केन्द्रसँग ४९ सांसद मात्र छन् ।

३२ दुई निलम्बित सांसदको समर्थन रहेको जनता समाजवादी पार्टीभित्र सरकार गठनका विषयमा नेता महन्थ र यादव गुट बीच विवाद रहेकाले कांग्रेस सभापति देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड पछि हट्न बाध्य भएका हुन् ।

सरकार गठनमा बहुमत पुऱ्याउन कांग्रेस र माओवादी केन्द्रले माधवकुमार नेपाल पक्षका नेकपा एमाले सांसदको राजीनामा आशा गरेका थिए । तर प्रधानमन्त्री ओली र नेता नेपालबीच बिहीबार दिउँसो छलफल भएपछि नेपाल पक्षले तत्काल राजीनामा नदिने भए ।

यसैबीच नेकपा एमालेभित्र देखिएको विवाद अन्त्यका लागि ९ सदस्यीय कार्यदल गठन गरिएको छ ।

जसमा ओली पक्षबाट अर्थमन्त्रीसमेत रहेका विष्णु पौडेल, लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरेल, नेता सुवास नेम्वाङ सदस्य छन् भने खनाल-नेपाल समूहबाट भीम रावल, घनश्याम भुसाल, सुरेन्द्र पाण्डे र गोकर्ण विष्ट समावेश रहेका नेता विष्टले जानकारी दिए । उनका अनुसार कार्यदलमा पछि दुई जना पछि थप्ने पनि सहमति भएको छ

आजै बूढानीलकण्ठमा भएको भेट वार्तामा नेता माधव नेपाल र प्रधानमन्त्री ओलीबीच चार घण्टा छलफल भएको थियो । छलफलपछि बाहिरिँदै नेता नेपालले आफूहरुको राजीनामा तत्काललाई टरेको बताएका थिए ।

नेपाल समूहको राजीनामा रोकिएसँगै बहुमतसहितको नयाँ सरकार गठनको सम्भावना पनि टरेको थियो ।

नेपालसहित चार जना नेताको कारबाही फुकुवा

झापा, वैशाख ३०। नेकपा एमालेले वरिष्ठ नेता माधवकुमार नेपालसहित भीम रावल, सुरेन्द्र पाण्डे र घनश्याम भुषालमाथि गरिएको कारवाही फुकुवा गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको स्थायी कमिटी बैठकले नेता नेपालसहितका नेतामाथि गरिएको कारवाही फुकुवा गर्ने निर्णय गरेको नेता विष्णु रिमालले जानकारी दिए । सर्वोच्च अदालतले ओली-दाहाल नेतृत्वको नेकपालाई अवैध मान्दै एमाले र माओवादी केन्द्र ब्युँताइदिएपछि ओलीले नेपालसहितका नेतालाई कार्वाही गर्दै ६ महिनाका लागि पार्टीबाट निलम्बन गरेका थिए ।

तर, यही वैशाख २७ गते प्रतिनिधिसभाबाट विश्वासको मत लिन असफल भई पदमुक्त हुनु परेपछि प्रधानमन्त्री ओलीले नेपालसहितका नेतामाथिको कार्वाही फुकुवा गरेका हुन् ।

ओली पदमुक्त भएकाले रिक्त प्रधानमन्त्री पदमा विहीवार राति ९ बजेसम्ममा बहुमतको सरकारका लागि दावी पेश गर्न दलहरुलाई राष्ट्रपतिले समय दिएकोमा ओलीलाई हटाउन नेपाल पक्षका सांसदहरु राजीनामा समेत दिन तयार भएपछि यो कदम चालिएको हो ।

मदनकृष्णले भने-

'कोरोना जित्न आत्मबल ठूलो कुरा रहेछ'



लोकप्रिय हास्य कलाकार मदनकृष्ण श्रेष्ठ अहिले अस्पतालमा कोरोनासँग लडिरहेका छन् ।

उनको स्वास्थ्यमा उल्लेख्य सुधार भएको र उनले कोरोनालाई छिट्टै परास्त गर्ने परिवारलगायत आफन्तले बताएका छन् । कलाकार दीपकराज गिरीले पनि सामाजिक सञ्जाल मार्फत श्रेष्ठको स्वास्थ्यमा सुधार भएको जनाएका छन् ।

उनले बुधबारसाँझ कलाकार श्रेष्ठसँग भिडियो कल गर्दै स्वास्थ्यको जानकारी लिएको बताएका छन् ।

फेसबुकमा कलाकार श्रेष्ठसँग कुराकानीको तस्बीर शेयर गर्दै गिरीले लेखेका छन्- 'आज मदन दाइसँग फोनमा कुरा भयो । मदन दाइ यो उमेरमा पनि उच्च मनोबलसहित कोरोनालाई परास्त गर्ने क्रममा हुनुहुन्छ ।'

'आत्मबल ठूलो कुरा रहेछ दीपक'- श्रेष्ठको भनाइ उल्लेख गर्दै दीपक अगाडि थप्छन्- 'उहाँसँग थुप्रै उपयोगी कुराहरु भयो । म मन्त्रमुग्ध हुँदै उहाँका कुराहरु सुनिरहें ।'

छुट्टिने बेलामा अनुमतिबाट एउटा फोटो समेत खिचेको बताएका दीपकले श्रेष्ठ मुस्कुराइरहेको तस्वीर समेत खिचेका छन् । जुन तस्वीर कोरोनासँग जुधिरहेका सयौं बिरामीको आत्मबल बढोस् भनेर उनले सामाजिक सञ्जालमा पोष्ट समेत गरेका छन् ।

दोस्रो लहरमा मृत्युदर उच्च

१८ देखि ६० वर्षसम्मका बढी संक्रमित

लक्ष्मी उप्रेती

झापा, बैशाख ३०। झापा जिल्लामा कोभिड १९को नयाँ भेरियन्टको भाइरस संक्रमितको मृत्युदर पहिलो लहरको संक्रमणभन्दा निक्कै उच्च देखिएको छ।

जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले पहिलो लहरको तुलनामा दोस्रो नयाँ भेरियन्टको भाइरस संक्रमितको मृत्युदर उच्च रहेकाले यो निक्कै खतरा खालको भाइरस भएको बताएका छन् । प्रमुख जिल्ला अधिकारी तिम्सिनाका अनुसार कोभिड १९को नयाँ भेरियन्ट शुरु भए यता जिल्लामा मृत्युदर दैनिकझै बढिरहेको छ ।

अघिल्लो लहरको भन्दा अहिलेको कोभिड-१९को भाइरसबाट मृत्यु हुनेको दर तेब्बर देखिएको छ । अघिल्लोपटक जिल्लामा कोभिड संक्रमितको तुलनामा कोभिडका कारण मृत्यु हुनेको संख्या ०.५ प्रतिशतभन्दा कम थियो । अहिलेको मृत्युदर १.७२ प्रतिशतमाथि पुगेको छ । 'अहिलेको भाइरस कति खतरानाक छ भन्ने यही तथ्याङ्कले पनि पुष्टि गर्दछ'- प्रजिअ तिम्सिनाले भने- 'अब आफैले आफैलाई बचाउने बेला आएको छ ।' कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालय झापाले जारी गरेको लकडाउनलाई जेठ १ गतेबाट थप प्रभावकारी बनाउन कठोर रुपमा अघि बढ्ने उनको भनाइ छ ।

अहिले झापामा कोभिड-१९को संक्रमितको संख्या बुधबार साँझसम्म २ हजार ९६ पुगेको छ । यसमध्ये जिल्लाका सरकारी तथा निजी अस्पतालमा २ सय ४६ जना संक्रमितले उपचार गराइरहेका छन् । बाँकी विभिन्न आइसोलेसन केन्द्रमा स्वास्थ्य लाभ गरिरहेको उनको भनाइ छ । जुन संख्या ११.७४ प्रतिशत हो । झापामा महिलाको तुलनामा पुरुष संक्रमितको संख्या बढी छ । १ हजार १ सय ७३ पुरुष संक्रमित हुँदा महिला संक्रमितको संख्या ९ सय २३ छ । लक्षण देखिएका र शंकास्पद महिला तथा पुरुषको पीसीआर परीक्षणका लागि थ्रोड स्वावको नमूना संकलन गरी १ नम्बर प्रादेशिक प्रयोगशाला बिराटनगर, वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको माइक्रो बायोलोजिकल विभाग र मेची प्रादेशिक अस्पताल भद्रपुरको प्रयोगशाला तथा कोटीहोम प्रयोगशाला पठाइने गरिएको छ । परिणाम अनुसार महिलाको तुलनामा पुरुष संक्रमित बढी छन् ।

पुरुषहरु प्रायः घरमा नबस्ने हिँड्डुल गर्न रुचाउने अनि अन्य मानिसहरुसँग पनि भेटघाट गर्ने भएकाले बढी संक्रमित भएको हुनसक्ने अनुमान स्वास्थ्यकर्मीहरुको छ । अधिकांश महिलाहरु घरभित्र काममा व्यस्त हुने तथा पुरुषहरु कामका लागि बढी बाहिरै रहनुपर्ने बढी हिँड्डुल गर्नुपर्ने भएकाले पनि यो अवस्था आएको हुन सक्ने स्वास्थ्यमीहरु बताउँछन् । तुलानात्मक रुपमा हेर्दा महिला भन्दा पुरुषहरुकै बढी पीसीआर परीक्षण गरिएको छ । यसले पनि पुरुष संक्रमितको संख्या बढी देखिएको स्वास्थ्यकर्मीहरुको भनाई छ ।

डिसीसीएमसी (डिष्ट्रीक कोभिड १९ क्राइसेस म्यानेजमेन्ट कमिटी) का अध्यक्ष समेत रहेका प्रजिअ तिम्सिनाका अनुसार उमेर समूहमा १८ वर्षदेखि माथि ६० वर्षमुनिका मानिसहरु बढी संक्रमित छन् । यो उमेर समूहको संक्रमित संख्या १ हजार ७ सय ४३ वा ८३ दशमलव १६ प्रतिशत रहेको छ । यसैगरी, १८ वर्षमुनिका संक्रमित बालबालिकाहरुको संख्या १ सय ६२ रहेको प्रजिअ तिम्सिनाले जानकारी दिए । जिल्लामा ६० वर्षमाथिका संक्रमित ज्येष्ठ नागरिकको संख्या १ सय ९१ रहेको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

पायल्स तथा फिस्टुलाको सफल उपचार !

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा बैशाख २४ गते शुक्रबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

माता मनकामना आयुर्वेद क्लिनिक

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)

मोबाइल ! मोबाइल !! मोबाइल !!!

हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me **इत्यादि** साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ ।

मेची मोबाइल एण्ड एसेसरीज, पुरानो भद्रपुररोड, बिर्तामोड

सम्पर्क फोनः- ०२३-५४२४३१, ९८०४९३५३५१

कोशी टप्पु बन्यजन्तु आरक्षण क्षेत्रमा हात्ती चराउँदै माउते। एशियन प्रजाति हात्तीहरु नेपालको तराई क्षेत्रमा पाइन्छन् र नेपालको २२ जिल्लामा रहेको अनुमान गरिएको छ। ति हात्तीहरु बर्डिया, चितवन राष्ट्रिय निकुञ्ज, कोशी टप्पु, पर्सा र शुक्ला फन्ट राष्ट्रिय निकुञ्जमा छन्। **तस्वीरः बिनोद पाण्डे/कमल**

'मर्निङ वाक' जाँदा हात्तीको आक्रमणबाट एक जनाको मृत्यु

कमल, वैशाख ३०। हात्तीको आक्रमणमा परी विहीवार विहान एक व्यक्तिको मृत्यु भएको छ।

हात्तीको आक्रमणमा परी कमल गाउँपालिका-३ वेवारिसे अन्दाजी ४५ वर्षका जितबहादुर खोयाङ्गको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

मर्निङ वाक गर्ने क्रममा २१ नम्वर बाहिनी अड्डाको पश्चिमतर्फको जंङ्गलमा हात्तीसँग अनाचक जम्काभेट हुँदा हात्तीको आक्रमणमा परि खोयाङ्गको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय दकमका डीएसपी नवराज कार्कीले जानकारी दिए। मृतक खोयाङ्गका श्रीमती र २ छोरा रहेका छन्।

कमल गाउँपालिकाको वडा नम्वर ३ र ५मा योभन्दा पहिले पनि हात्तीले दुःख दिने गरेको छ। जङ्गली हात्ती गाउँ पसेर स्थानीयको घर भत्काउने, अन्न खाने जस्ता उपद्रो मच्चाउने गरेको छ र त्यसको नियन्त्रणका लागि गाउँपालिकाको तर्फबाट सडक वत्ती, हात्ती आएको जानकारी गराउनका लागि साइरन वितरण गरिएको वडा नम्वर ३का अध्यक्ष नरप्रसाद दंगालले बताए।

विना सेन्सर नेपालमा 'राधे' रिलिज

शुक्रवारबाट रिलिज भएको बलिउड नायक सलमान खान अभिनित चलचित्र 'राधे' सेन्सर भएको छैन।

नेपालमा सेन्सर नै नगरी चलचित्र रिलिज भएपछि सूचना, सञ्चार तथा प्रविधि मन्त्रालयले सेन्सर गरेर मात्र रिलिज गर्न चेतावनी दिएको छ। सेन्सर नगरी चलचित्र रिलिज गरिएमा कानूनी प्रक्रिया अनुसार अगाडि बढ्ने चेतावनी मन्त्रालयको छ।

तर, अहिलेसम्म यो चलचित्रको सेन्सर भने भएको छैन। चलचित्र सेन्सर बोर्डका सदस्य सन्तोषकुमार थापाले सेन्सरका लागि अहिलेसम्म यो चलचित्रका वितरक नआएको बताए। उनले भने- 'हिजोदेखि नै उहाँहरुले आउँछौ आउँछौ मात्र भन्नुभयो, तर आउनुभएको छैन। अहिलेसम्म पनि चलचित्रको सेन्सरका लागि कुनै प्रक्रिया अगाडि बढाइएको छैन।' उनले भने- 'मैले सञ्चार मन्त्रालयसँग पनि कुराकानी गरेको छ। आज बेलुकीसम्म चलचित्रको सेन्सर नभएको खण्डमा कानूनी प्रक्रियामा जाने तयारीमा मन्त्रालय छ।'

यो चलचित्रलाई नेपालमा गोपिकृष्ण मुभिज अर्न्तगतको ए एठ् कम्पनीले नेपाल भित्र्याएको हो। यो चलचित्र विभिन्न ओटीटी प्लेटफर्म र डिस होम, नेट टीभी लगायतमा रिलिज भइसकेको छ। चलचित्रलाई दर्शकले २९९ रुपैयाँदेखि ३२५ रुपैयाँसम्म तिरेर हेर्न सक्नेछन्।

कोरोनाले २१४ को मृत्यु

काठमाडौं, बैशाख ३०। नेपालमा थप ८,९६० जनामा कोरोनाभाइरस सङ्क्रमण पुष्टि भएको छ। आजै २१४ जनाको कोभिड-१९ सँग सम्बन्धित कारणले मृत्यु पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

पीसीआर विधि र एन्टिजेन विधिबाट परीक्षण गर्दा अहिले त्यति सङ्ख्यामा सङ्क्रमितहरू फेला परेका हुन्। बिहीवार अपरान्ह मन्त्रालयले प्रकाशित गरेको तथ्याङ्कमा काठमाण्डू उपत्यकामा धेरै सङ्क्रमित फेला पर्ने क्रम जारी रहेको देखिन्छ। केही सातायताको तथ्याङ्कले परीक्षण गर्न गएका मानिसमा सङ्क्रमण पुष्टि हुने दर उच्च रहेको देखाउँछ।

मन्त्रालयका अनुसार २४ घण्टाको अवधिमा २०,००० भन्दा केही बढी परीक्षण गरिएकोमा त्यति सङ्ख्या सङ्क्रमित फेला परेका हुन्।

बुधवार नेपालमा पुष्टि भएका सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख नाघेको थियो। मन्त्रालययका अनुसार विगत २४ घण्टाको अवधिमा ५,०५५ जना सङ्क्रमणमुक्त भएका छन्। अहिले देशभरि एक लाख ५,२०७ जनामा सक्रिय संक्रमित छन्। तीमध्ये अहिले काठमाण्डू उपत्यकाका तीन जिल्लामा हुनेको सङ्ख्या ४२,६६६ छ।

मन्त्रालयका अनुसार अहिलेसम्म देशभरि ४,४६६ जनाको मृत्यु हुँदा उपत्यकामा १,४८० जनाले कोभिडका कारण ज्यान गुमाएका छन्। मन्त्रालयका अनुसार यो साता आइतवारदेखि प्रकाशित दैनिक विवरणमा २४ घण्टाको बाहेक विभिन्न मितिमा मृत्यु भएका व्यक्तिको सङ्ख्या पनि समाविष्ट छ।

डिसइन्फेक्सन टनेल प्रयोगविहीन

झापा, बैशाख ३०। कोरोना भाइरसको पहिलो संक्रमणमा विभिन्न संघ-संस्थाले जिल्लाका विभिन्न ठाउँमा जडान गरिएका डिसइन्फेक्सन टनेल र हात धुन राखिएका ठूल्ठूला पानीका ट्यांकी अहिले अलपत्र अवस्थामा छन्।

मेची अभियानको संयोजनमा विभिन्न संघ-संस्थाहरुले शहरका मुख्य भाग र सरकारी कार्यालयमा हजारौं रुपैयाँको लगानीमा डिसइन्फेक्सन टनेल र हात धुनका लागि व्यवस्थित पानीका ट्यांकी र वेसिन जडान गरिए पनि अहिले ती सबै संरचना वेवारिसे अवस्थामा छन्। मेची अभियानको संयोजनमा मेचीनगर-६ काँकरभिट्टाका आधा दर्जन सहकारी संस्थाले संयुक्त रुपमा लगानी गरेर इलाका प्रहरी कार्यालय काँकरभिट्टालाई टनेल उपलब्ध गराएपछि इलाका प्रहरी कार्यालय काँकरभिट्टा परिसरमा जडान गरिएको भएपनि अहिले त्यो प्रयोगविहीन बनेको छ।

अभियानका संयोजक बिजय डालमियाका अनुसार जिल्ला प्रहरी कार्यालय झापा, जिल्ला प्रशासन कार्यालय झापा, मेची प्रादेशिक अस्पताल भद्रपुर, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय बिर्तामोडमा राउण्ड टेवलको सहकार्यमा सुविधासम्पन्न र उच्च प्रविधिको डिसइन्फेक्सन टनेल जडान गरिएको भए पनि अहिले सबै काम नलाग्ने अवस्थामा छन्।

मित्रराष्ट्र भारतका विभिन्न ठाउँमा कोरोना भाइरसको संक्रमण तथा मानिसको मृत्यु भइरहेका बखत भारतको पश्चिम बंगाल राज्यसँग सीमा जोडिएको पूर्वीनाका काँकरभिट्टासहित जिल्लाका अन्य ठाउँमा डिसइन्फेक्सन टनेलको आवश्यकता महशुस गरी जडान गरिएको थियो।

इलाका प्रहरी कार्यालय काँकरभिट्टासहित जिल्लाका अन्य ठाउँमा कूल ४० हजार रुपैयाँमा निर्माण भएको टनेल निर्माणको लागत महेन्द्रद्वार सहकारी संस्था, आधुनिक बचत तथा ऋण सहकारी संस्था, मखमली महिला बचत तथा ऋण सहकारी संस्था, मेची मासु उत्पादक तथा उपभोक्ता सहकारी संस्था, नागरिक बचत

तथा ऋण सहकारी संस्था र काँकरभिट्टा बचत तथा ऋण सहकारी संस्थाले व्यहोरेका थिए।

मान्छेभित्र प्रवेश गर्दा खुट्टाबाट स्वीच अन गरेर प्रवेश गर्ने र मानिस टनेलबाट बाहिर निस्कँदा आफैं बन्द हुने गरी टनेलको निर्माण गरिएको थियो। टनेल भित्र रहेका ५ वटा नोजलबाट इएम घोलसंग मिश्रण गरिएको पानीको फोहोराले मानिसको पूरै शरीरको बाहिरी भाग भिजाउने भएकाले शरीरको बाहिरी भागमा रहेको भाइरस नष्ट हुने प्राविधिक पक्षले जनाएको छ। टनेलमा प्रयोग गरिएको इएम झोलको घोलमार्फत पूरा शरीरलाई डिसइन्फेक्सन गराएर मात्र प्रहरीलगायत अन्य कार्यालयभित्र प्रवेश गर्ने व्यवस्था गरिएको भए पनि अहिले कसैले पनि त्यसको प्रयोग गरेका छैनन्।

यसैगरी, नेपाल रेडक्रस सोसाइटी झापा शाखाले जिल्लाका विभिन्न स्थानमा अत्याधुनिक प्रविधिबाट एकपटकमा चार जनासम्मले हातधुन सक्ने व्यवस्था मिलाएको थियो। सम्भवतः यस्तो प्रविधि जडान गरी यस्तो व्यवस्था मिलाइएको झापामै पहिलो भएको शाखाले दावी गरे पनि आज ट्यांकीमा पानी नभएर र वेसिन फुटेर अलपत्र छ।

झापा शाखाले यूनिसेफ, आइएमओ तथा अन्तर्राष्ट्रिय रेडक्रसलगायतका दातृ संस्थासँग मिलेर झापाको मेचीनगर र बिर्तामोड नगरपालिका तथा कचनकवल र झापा गाउँपालिकासहित मुख्यः राजमार्गसँग जोडिएका मानिसको आवतजावत र भीडभाड बढी हुने स्थानमा ५ सय लिटर पानीको ट्यांकीमा एकसाथ चारवटा वेसिन जडान गरेर यस्तो व्यवस्था मिलाएको थियो।

यो प्रविधिबाट एकसाथमा चार जनासम्मले राम्ररी हात धुनसक्ने गरी व्यवस्था मिलाइएको थियो। केटाकेटीलाई समेत हात धुन सजिलो होस् भन्ने हेतुले एउटा वेसिन बालबालिकालाई लक्षित गरी राखिएको थियो। हात र मुखमात्र सफा राख्न सके कोरोना भाइरसको भाइरसको संक्रमणबाट केहीहदसम्म बच्न सकिने भएकाले सर्वसाधारणलाई हातमुख धुनुपर्छ भन्ने चेतना दिन र हातमुख धुने बानी बसाल्न पनि मानिसहरुको अलिबढी चहलपहल हुने स्थानमा यस्तो व्यवस्था मिलाइएको थियो।

मेचीनगर नगरपालिकाको वडा नम्बर-६स्थित काँकरभिट्टा वसपार्कमा यस्तो व्यवस्था मिलाइएको थियो। यहाँ राख्दा सर्वसाधारणदेखि टाढा-टाढा जाने यात्रुलाई समेत सजिलो हुने विश्वास लिइएको थियो।

यसमा लाग्ने पानीको व्यवस्थापन स्थानीय पालिका तथा संघ-संस्थाले गर्नुपर्ने र आवश्यक साबुनलगायतका वस्तु नेपाल रेडक्रस सोसाइटी झापा शाखाले व्यवस्थापन गर्ने बताइएको थियो। नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापति लोकराज ढकालले जिल्लाका केही स्थानमा राखिएका ती संरचना कामै नलाग्ने अवस्थामा पुगेको बताउँदै कुनै ठाउँमा भने सदुपयोग भइरहेको बताए। मेची अभियानका संयोजक बिजय डालमियाले आफूहरुले गाँस काटेर रकम जम्मा गरी टनेल जडान गरेको भए पनि अहिले ती सबै सामग्री वेवारिसे र अलपत्र परेको देखेर दुःख लागेको बताए।

जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले जिल्ला प्रशासन कार्यालय झापाको मूलगेटमा जडान भएको भए पनि चल्ने अवस्थामा नरहेकाले अब तत्कालै सबै डिसइन्फेक्सन टनेल र हात धुन राखिएका ठूल्ठूला पानीका ट्यांकी प्रयोगमा ल्याउने बताए।

चीनमा यस वर्ष ९० लाख स्नातक उत्तीर्ण

बेइजिङ, बैशाख ३०। चीनका विश्वविद्यालय र कलेजबाट यस वर्ष ९० लाख ९ हजार विद्यार्थीले स्नातक उत्तीर्ण गर्न लागेको चिनियाँ शिक्षा मन्त्रालयले जनाएको छ।

गत वर्षको भन्दा यस वर्ष तीन लाख ५० हजार बढी विद्यार्थीले स्नातक तह उत्तीर्ण गर्न लागेका हुन्। मन्त्रालयले स्नातक गरेका विद्यार्थीका लागि रोजगारी खोज्न वा नयाँ व्यवसाय थालनी गर्न विद्यार्थीसँग मिलेर कार्य गरिरहेको पनि जनाएको छ। हाल, चीनको रोजगार परिस्थितिमा क्रमिक सुधार आइरहेको मन्त्रालयको भनाई छ।

नयाँ स्नातक उत्तीर्ण विद्यार्थीका लागि आगामी मे १७ देखि २३ सम्म देशव्यापी रुपमा रोजगार प्रबर्द्धन सप्ताह सञ्चालन गर्न मन्त्रालयले पहल गरेको छ। यस अवधिमा प्रत्येक प्रान्तले दुई वटा ठूला स्तरका रोजगार मेला आयोजना गर्नेछन्।

विश्वविद्यालय र कलेजहरुले पनि क्याम्पस स्तरीय रोजगार कार्यक्रम सञ्चालन गर्ने र यी मेला अनलाइन एवम् प्रत्यक्ष भेटघाटमा आधारित हुने मन्त्रालयले जनाएको छ।

दोस्रो ...

सीमा क्षेत्रबाट अवैधरुपमा आवतजावत नहोस् भनेर नेपाल भारतको सीमा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी र सशस्त्र प्रहरीको 'व्याकअप'का रुपमा नेपाली सेना समेत परिचालन गरिएको उनको भनाइ छ। अहिले सीमाक्षेत्र व्यवस्थापनका लागि ९ सय सशस्त्र, ३ सय ८० नेपाल प्रहरी र भारतसँग सीमा जोडिएका जिल्लाका ५ वटा पालिकामा नेपाली सेनाको ६ वटा प्लाटुन सक्रिय पारिएको बताइएको छ।

मेचीनगर नगरपालिका क्षेत्रमा २ र भद्रपुर, कन्काई, गौरीगञ्ज नगरपालिका र झापा गाउँपालिकामा १/१ वटा नेपाली सेनाको प्लाटुन सक्रिय रहेको प्रजिअ तिम्सिनाले जानकारी दिए। अहिले जिल्लाभर १ सय ५३ वटा अक्सिजन सिलिण्डर मौज्दात गरिएको र जिल्लाका विभिन्न पालिकामा ३ सय ५७ वेडको आइसोलेसन केन्द्र तयार गरिएको र प्रायः सबैमा धेर थोर अक्सिजनको व्यवस्था गरिएको छ। ती आइसोलेनमा १७ जना चिकित्सक, ४६ जना नर्स र ७० जना अन्य स्वास्थ्यकर्मीले सेवा प्रदान गर्ने गरेका छन्।

लक्षण ...

बाहिर बसेकाले मैले संक्रमण जाँच गराएको हो, अहिले घरमै छु, संक्रमणको कुनै लक्षण देखिएको छैन।'

लक्षण नदेखिएका बिरामी बारे चिकित्सक यसो भन्छन्

पछिल्लोपटक लक्षण नदेखिएका व्यक्तिमा पनि कोरोना भाइरसको संक्रमण पुष्टि हुन थालेपछि सबैका लागि यो चासोको विषय बनेको छ। 'लक्षण नदेखिएका व्यक्तिको पीसीआर रिपोर्ट पोजेटिभ आउन सक्छ, यसलाई अन्यथा मान्नु हुँदैन'- मेची अञ्चल अस्पतालका मेसु डा. पीताम्बर ठाकुरले भने- 'रिपोर्ट पोजेटिभ आएका व्यक्तिमा पहिला कोरोना भाइरस सम्बन्धी कुनै न कुनै लक्षण देखिएको हुन सक्छ, तर उसले त्यो कुरालाई याद गरेको हुँदैन।' 'पछि जब ती व्यक्ति स्वस्थ अवस्थामै काम विशेष वा संक्रमित व्यक्तिसँग सङ्गत गर्न पुग्छन् तब पीसीआर जाँच गराउन आउँछ। ती व्यक्तिको शरीरभित्र रहेको सिटी अथवा 'साइकल थ्रेसहोल्ड' को भ्यालु (अङ्क) देखिन्छ, अनि रिपोर्ट पोजेटिभ आउँछ'- डा. ठाकुरले भने।

डब्लुएचओका अनुसार ३५देखि मुनि सिटी भ्यालु देखिएका व्यक्तिको रिपोर्ट कोरोना पोजेटिभ दिने मान्यता छ। लक्षण नै नदेखिएका व्यक्तिको पीसीआर रिपोर्ट पोजेटिभ आयो, प्रयोगशालाको मेसिन बिग्रियो वा लापरबाही भयो जस्तो भ्रममा नपर्न सबैलाई डा. ठाकुरले आग्रह समेत गरेका छन्।

मेचीमा परीक्षण गराउन आउने व्यक्तिको पीसीआर रिपोर्टमा सिटी भ्यालु ३५ देखि ७ सम्मको आइरहेको छ। सिटी भ्यालुको अङ्क जति बढी भयो त्यति नै भाइरसको भार कम, लक्षण र सङ्क्रामक कम हुने अनुमान गरिन्छ। जति अङ्क कम भयो त्यति नै भाइरसले शरीरलाई असर गर्छ।

स्वाब लिने ठाउँबाटै संक्रमण सर्ने खतरा बढ्यो

मेची अस्पताल भद्रपुरमा पीसीआर परीक्षण लागि मात्रै दिनमा एक सयभन्दा बढी मान्छे भेला हुने गरेका छन्। एउटै लाइनमा बसेर पीसीआरको स्वाब दिँदा त्यहींबाटै संक्रमण फैलिने खतरा बढेको स्थानीयले बताएका छन्।

स्वाब दिन अस्पताल पुगेका मान्छेले नै सामाजिक दूरीको पालना नगर्दा त्यहाँबाटै संक्रमण फैलिने खतरा बढेको बाह्रदशी जेसीजका अध्यक्ष विगम श्रेष्ठको भनाइ छ। 'स्वाब दिन पुगेकाहरू एक अर्कोसँग टाँसिएर लाइनमा बसेका थिए'- उनले भने- मैले नै कतिपटक उनीहरूलाई सामाजिक दूरीको पालना गरी लाइनमा बस्नुहोस् भनेर सम्झाउनु पऱ्यो।' त्यहाँ संक्रमित भएका वा नभएका दुवै व्यक्ति एउटै लाइनमा बसेर स्वाब दिइरहेको हुन्छ त्यसैबाट संक्रमित व्यक्तिबाट नभएका व्यक्तिलाई कोरोना सर्ने अवस्था देखियो- उनले भने।

यता मेची अस्पतालका मेसु ठाकुरका अनुसार स्वाब दिन आएकालाई सामाजिक दूरी पालना गरी बस्न चिकित्सकहरूले पटक-पटक आग्रह गरिरहेको बताए। चिकित्सक तथा अस्पतालका कर्मचारीको कुरा नसुन्दा पनि अस्पताल प्रशासनलाई समस्या भइरहेको बताउँदै उनले भने- 'पीसीआर परीक्षण गराउन आउनेका सङ्ख्या दिनहुँ बढिरहेकोले पनि यसलाई व्यवस्थित गर्न सकेका छैनौं, त्यही पनि हामीले स्वाब लिने ठाउँमा डोरीको वार र गोलो घेरा बनाएका छौं, यसको पालना स्वमय् व्यक्तिले गर्नुपर्ने हुन्छ।' मेचीमा पछिल्लो एक साताको पीसीआर रिपोर्टको तथ्याङ्क हेर्दा स्वाब लिएकामध्ये ७० देखि ८० प्रतिशतसम्मको रिपोर्ट पोजेटिभ आउन थालेको अस्पताल प्रशासनले जनाएको छ।

सूचना ! सूचना !! सूचना !!!

यसै कचनकवल-१ घेराबारीमा सञ्चालित गणेश कृषक समूहलाई एक थान ४२ एचपीको कृषि प्रयोजनका लागि ट्याक्टर खरिद गर्नुपर्ने भएकाले इच्छुक ट्याक्टर बिक्रेताहरुलाई क्याडलक र दरसहित ७ दिनभित्र सम्पर्क गर्नुहुन अनुरोध छ।

नोटः मिति २०७८।०१।२९ गतेदेखि ०७८।०२।५ गते (४२ एचपीको मोडल क्याडलकसहित आफ्नो न्यूनतम् दरसहित पेश गुर्नुहोला।)

स्थानः कचनकवल-१, घेराबारी

सम्पर्कः ९८१७०५३६०४

बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

जनहितका लागि

१ मिचिमिचि कम्तिमा २० सेकेण्ड साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने

२ मास्क च्यातिएको छ कि छैन वा सफा छ कि छैन हेर्ने

३ मास्क लगाउँदा डोरीमा समाई अनुहारमा टम्म मिल्ने गरी लगाउने

४ नाक, मुख र च्युँडो ढाकिने गरी लगाउने

५ सकभर मास्कलाई हातले नछुने

६ डोरी मात्र समाई मास्क फुकाल्ने

७ कपडाको मास्कलाई फेरी प्रयोग गर्न मिल्छ। फुकालेको मास्कलाई सफा र सुख्खा हुनेगरी राख्ने

८ मास्क फुकालेपछि साबुन पानीले मिचिमिचि कम्तिमा २० सेकेण्ड हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने

९ प्रयोग गरेको मास्कलाई हरेक दिन साबुन पानीले धुने र घाममा सुकाउने

एक अर्काबाट कम्तीमा २ मिटर टाढा बसौं। बेलाबेलामा साबुन पानीले मिचिमिचि कम्तिमा २० सेकण्ड हात धोऔं। घरबाट बाहिर जाँदा अनिवार्य मास्क लगाऔं।

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल दैनिक
Purwanchaldaily.com

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

सत्ता लोलुपता अति भयो

मानव जातिलाई अस्तित्व रक्षाको चुनौति बनिएको कोभिड-१९को नयाँ प्रजातिले नेपालीलाई पनि छाडेन । यतिखेर के गाउँ, के शहर, के महानगर, के राजधानी कोही र कुनै मानव वस्ती यसको आतङ्कबाट मुक्त छैन । बिकासका संरचना र पूर्वाधारले सम्पन्न भनिने शहरहरू र संघीय राजधानी नै कोभिडको चपेटामा परिसकेका छन् । प्राणवायु भनिने अक्सिजन नपाएर मृत्युवरण गर्न बाध्य हुनु परेको अति संवेदनशील अबस्थामा पनि सरकार प्रमुख, उनका सहयोगीहरू, आफूलाई जनसेवक दावी गर्ने जनप्रतिनिधिहरू टाउको लुकाएर बसेका छन् । जनताको जीवनस्तर उकास्ने प्रतिबद्धता जाहेर गरेर निर्वाचन जितेका देशका हजारौं हजार जनप्रतिनिधिहरू अस्पतालमा बेड नपाएर छट्पटिएका बिरामीका आर्तनाद सुन्दैनन् । अभ अब त भनेको जति धरौटी जम्मा गर्न नसकेर स्वास्थ्य सेवाबाटै बञ्चित भई अकाल जीवन गुमाउन बाध्य हुन परेको छ ।

आपतविपतमा मानवीय नाताले सकेको सहयोग गर्ने जातिमा गनिने नेपालीमै यस्तो हार्दिक हराउँदैछ । त्यही कारण अक्सिजनका लागि छट्पटिएका बिरामीले अस्पतालको गेटबाट फिर्ता हुनु परेको हो । सरकार स्वयम् स्वास्थ्य सङ्कटको घडीमा सत्ता लिप्साको लिसोमा टाँसिएर बसेको छ । जनताको जीवन जोगाउनु आफ्नो पहिलो र एकमात्र उत्तरदायित्व ठान्नु पर्ने सरकारको क्रियाशीलता आज पनि सत्ताकै अङ्कगणितका लागि मात्रै छ । आफ्नो पक्षमा बहुमत ल्याउन निकृष्ट र फोहरी खेल खेल्न व्यस्त छ। मानिसको पहिलो आवश्यकता भनेकै जीवित रहन पाउनु हो । त्यही भएर भनिएको हुन सक्छ 'जिउ रहे घिउ खाउककला' ।

नेपाल यसबेला विश्वकै सर्वाधिक सङ्कमण हुने देशको सूचीको दोस्रो स्थानमा छ । स्वास्थ्य सेवाको अभावका कारण स्वभाबिक छ कि मरणको दर पनि उच्च नै हुने भयो । तर प्रकृतिले चेतावनीसँगै समय दिएको थियो पूर्व तयारी गर्ने । तर, हाम्रो अभिभावक भनिने सरकार फेरि पनि दलभित्र कै अन्तर कलह र द्वन्द्व मै अलमलियो। जनताप्रतिको जिम्मेवारी, आफ्नो कर्तव्य र भूमिकाप्रति उदासीन सरकारका कारण कोभिड-१९को दोस्रो भेरियन्टले नेपालीलाई त्राही-त्राही बनायो । अनि पनि सरकारको चेत खुलेको छैन, जिम्मेवारी वोध गरेकै छैन र जनताको बाँच्न पाउने अधिकारप्रति संवेदनशीलता देखिएको छैन । सत्तारूढ दलभित्रको खिचलोले गिजोलिएको राजनीतिले नेपालीको बाँच्न पाउने जन्मसिद्ध अधिकार कुनै अर्थमा पनि कुण्ठित हुनु हुँदैन ।

सङ्कमणले उत्पन्न गरेको यो सङ्कटपूर्ण घडीमा सरकारले सबै पक्षको सहयोग लिन सक्नुपर्छ। देशभित्र र बाहिर रहेका शुभेच्छुक, सहयोगी र सद्भाव राख्नेहरूलाई सङ्कटमोचनका निम्ति एकाकार गराउन सक्नुपर्छ । देशका सबै राजनीतिक दलहरूको समेत सहकार्यमा साझा संयन्त्र निर्माण गरेर महामारी नियन्त्रण गर्ने आँट देखाउनुपर्छ। अत्यन्त महत्वपूर्ण र जोखिमको समयमा जीवन दाउमा लगाएर सेवा प्रदान गरिरहेका चिकित्सक, नर्स, अन्य स्वास्थ्यकर्मीलगायत अग्रपंक्तिमा रहेर प्रत्यक्ष सेवा प्रवाह गरिरहेकाहरूको मनोबल उच्च बनाउन लाग्नु पर्छ। सामुहिक क्रियाशीलता, संलग्नता र सहकार्यले मात्र समाधान गर्न सकिने विद्यमान सङ्कट परास्त गर्नु नै आजको सर्वोच्च आवश्यकता हो । सरकार प्रमुखलाई हेक्का रहोस्, सत्ता लोलुपताले चिरञ्जीवी भइँदैन ।

जनताले माफी गर्लान् ?

सुजन दाहाल

कोरोनासँग लड्ने विषयको नेतृत्व सरकार र राजनीतिक दलहरूले नै गर्ने हो । केही समय सत्ता र भत्ताको फोहोरी खेललाई छाडेर कोरोनासँग लड्न एकीकृत रूपमा सङ्गठित भई समाजका सबै वर्ग, समुदायलाई सङ्गठित गरी अगाडि बढ्न जरुरी छ। नेताहरूले तीता मीठा सबै कुराहरूलाई बिर्सिएर तेरो मेरो नभनी एक भएर कोरोनाविरुद्ध लड्न जरुरी छ।

दुई हजार वर्ष पहिले इसाको पहिलो शताब्दीमा रोम शहर ६ दिनसम्म लगातार जल्यो । शहरको करिब ७० प्रतिशत भागका बासिन्दालाई आगोले घरबारविहीन बनाइदियो । रोम सहरबाट अलि टाढा ठूलो क्षेत्रफलमा निरो आलिशान दरबारमा सयौँ भाइभारदारका मुखबाट आफ्नो प्रशंसा सुनेर रमाइरहेका थिए। उक्त घटनालाई विश्वभरि नै 'रोम जलिरह्यो, निरोले बाँसुरी बजाइरहे' भन्ने अर्थबाट बुझिन्छ ।

आज नेपाल त्यही बेलाको निरो प्रवृत्तिबाट गुज्रिरहेको छ। सत्ताधारी हुन् या सत्ता बाहिरका सबै नेता र राजनीतिक दलहरू निरो प्रवृत्तिभन्दा भिन्न छैनन् । सुन्दर, शान्त नेपाललाई सत्ताधारी र सत्ता प्राप्तिका लागि लड्ने दलहरूले बर्बाद पारे । रातदिन नभनी जनताको पक्षमा काम गर्नुपर्नेमा जनताको अवश्यकता र दुःखलाई लात हान्ने मात्र काम गरिरहेका छन् । कोरोनाको पहिलो लहरलाई जितेर तङ्गिन सुरसार गरिरहँदा पुनः दोस्रो लहरले देश नै थला पर्ने अवस्थामा पुगेको छ ।

संघीय सरकारका प्रधानमन्त्री केपी शर्मा ओली बेमौसमको बाजाजस्तो विश्वासको मतका लागि दौडिए र पदमुक्त पनि भए । उनले अहिले कोरोनाविरुद्ध लड्नुपर्ने बेला हो । तर, सबैको ध्यान अन्तै मोडिदिए । केपी ओलीकै पार्टी एमालेको अर्को माधव नेपाल पक्ष ओलीलाई जसरी पनि सत्ताबाट बहिर्गमन गर्न लागीपरेको थियो ।

ओलीलाई विश्वासको मत दिनुभन्दा संसदबाट राजीनामा दिनु उत्तम भनिरहेको माधव पक्ष अन्तिममा सदनमा अनुपस्थित रह्यो । जुन काम कम्युनिस्ट पार्टीको सिद्धान्त र आचरणभन्दा फरक हो । कम्युनिस्ट पार्टीमा कहीँ नभएको जात्रा दुवै पक्षबाट देखाइँदैछ । नेपाली कांग्रेस त झन् च्याँखे थापेर बसेको छ । त्यस्तै मधेसवादी दल जसपा यता र उता कुदेको कुदै छ । आफ्नो भाउ र मोलमा मोलाई गर्दैछ ।

सङ्घीय सरकारमा मात्र नभएर प्रदेश सरकारहरूमा पनि विखण्डन सुरु भएको छ । गण्डकी प्रदेशमा त मुख्यमन्त्रीले राजीनामा नै दिए भने लुम्बिनी प्रदेशमा अविश्वासको प्रस्ताव संसद्मा पेस गरे । लुम्बिनीमा पनि मुख्यमन्त्री पोखरेल सरकार फेरिने लगभग निश्चित छ । अब विस्तारै यो प्रवृत्ति अन्य प्रदेशमा पनि सर्दै जानेछ । कुनै एउटा राजनीतिक दल मात्र होइन, सबै राजनीतिक दललाई नागरिकको दुःख, पीर मर्काको कुनै ख्याल छैन । कुनै मतलव छैन ।



उनीहरू जनताका दुःखलाई खिल्ली उडाएर निरो जसरी बाँसुरी बजाएर बसेका छन् ।

एकातिर देश रोइरहेको छ भने अर्कोतिर जनताबाट देश चलाउन जिम्मा पाएकाहरू राज्यसत्ताको लडाइँमा नै व्यस्त छन् । जब-जब देशमा सङ्कट आउँछ, तब दलाल शासन सत्ताले लुट्ने, कमिशन खाने, भ्रष्टाचार गर्ने गर्छन् । दलाल चरित्रले भरिएका यहाँका समाजवादी कम्युनिस्ट भनौदाहरू आदर्शको ठूलो-ठूलो डङ्का फुक्ने तर सिन्को नभाँच्ने गर्नाले नागरिकले सङ्कट बेहोरिरहेका छन् ।

यस्ता दलालहरूको कुनै राष्ट्र, वर्ग, धर्म हुँदैन । यिनीहरुलाई आफ्नो पद र पैसा सिवाय अरू कुनै कुराको मतलब हुँदैन । कोरोना त यस्ता पिसाचुहरूका लागि कमाउने माध्यम बनेको छ । देशमा यस्तो प्रवृत्तिबाट निरन्तर राष्ट्र र जनघात भइरहेको छ । यस्ता कुराले देश सङ्कटको भूमरीमा फसिसकेको छ । आज सयौँ नागरिक अक्सिजनको अभावमा मरिरहेका छन् । बेडको अभावमा तड्पिरहेका छन् । उपचार पाउँदा बाँच्न सक्ने व्यक्ति पनि अनाहकमा अमूल्य जीवन गुमाउन बाध्य छन् । हस्पिटलमा बेड छैनन् । सङ्कमितका लागि चाहिने औषधि छैन । गरिबको चुलोमा आगो बलेको छैन । सङ्कमितले जसोतसो बेड पाएर हस्पिटल भर्ना भई हालेमा उपचार गर्ने पैसा छैन । उपचारका लागि लाखौँ रुपैयाँ तिर्न सक्ने क्षमता छैन । यस्तो विषम परिस्थितिमा राज्य लाचार बनेर बसेको छ । जनताले कुनै हालतमा कहिलै माफी गर्न नसक्ने व्यवहार राजनीतिक दलहरूले देखाएका छन् ।

नेपालका राजनीतिक दलहरू नागरिकको मृत्यु र भोकसँग खेलबाड गरिरहेका छन् । हरेक पार्टीका मुख्य नेतृत्वमा रहेका नेताहरू निकृष्ट, पापी, स्वार्थी र दुष्ट हुनभन्दा अन्यथा नहोला । उनीहरूले जनतालाई जुन सपना देखाए र बाँडे त्यो सबै बिर्सिएर विश्व नै चकित हुने गरी यो कोभिडको महामारीमा जात्रा देखाइरहेका छन् । यस्तो जात्रा जनताले कहिलेसम्म हेर्ने ?

जनता त चुनावको दिनभन्दा अघि वा पछि सार्वभौम भएनन् । आज जनता लाचार भएर आँखाभरि आँशु लिएर टुलुटुलु हेर्न बाध्य भएका छन् । जनताको आँशुले अहिलेको नेतृत्वलाई कुनै दिन अवश्य पाप लाग्नेछ । यस्ता राजनीतिक नेतृत्वलाई तह लगाउने भनेको चुनावबाट हो । तर जनताका सामु विकल्प नै छैन । वृद्ध नेताहरू लाचार भएर आईसीयूमा पुग्दा पनि पद छाड्दैनन् ।

अब देश चाँडै नै चुनावमा जाने निश्चित छ । चुनावमार्फत जनताले यस्ता दुष्ट र निकृष्ट नेता र राजनीतिक दलहरूलाई ठेगान लगाउनै पर्छ । डेट एस्पायर नेता र उनीहरूको गलत राजनीतिक संस्कार र प्रवृत्तिको शिकार नेपाली जनता भएका छन् । अब अझ यी वृद्ध नेताहरूको भार नेपालीले झेल्न सक्दैनन् । नेताहरूको रात दिनको लडाइँ हेर्दा हेर्दा जनता आजित भएका छन् । दुःखको सागरमा छटपटाइ रहेका छन् । रोग र भोकले प्राण जाने अवस्था छ । तर, नेतृत्व मुकदर्शक भएर चरम भ्रष्टाचार र सत्ताको लडाइँमा केन्द्रित छ ।

देशमा नागरिकको स्वास्थ्य र शिक्षाको जिम्मा राज्यले लिनुपर्ने हो । तर, दुर्भाग्य यी दुवै विषय माफिया र दलालको हातमा पुग्यो । जसको परिणाम अहिले नागरिकले भोगिरहेका छन् । देशमा सङ्कट परेका बेला राज्य र नागरिकलाई साथ नदिने स्वास्थ्य क्षेत्रका माफियाहरूलाई सरकारले नै संरक्षण गरेको छ ।

सरकार यस्ता माफिया र दलालको चङ्गुलमा छ । स्वास्थ्य क्षेत्रका राम्रालाई प्रोत्साहन गर्ने र माफियालाई तुरुन्त कारबाही नगर्ने हो भने भयावह स्थिति आउने निश्चित छ । केही समयका लागि राज्यले सम्पूर्ण स्वास्थ्य संस्थालाई राज्यले आफूसँग लिएर हरेक सङ्कमित नागरिकको निःशुल्क उपचार गर्नुपर्छ ।

'सुखी नेपाली समृद्ध नेपाल' भनेर चिच्याउनेहरू आज के हेरेर बसेका छन् । दैनिक ज्यालादारी काम गर्ने मजदुर, सुकुम्बासी, गरिब जनताहरू कोरोनाले आक्रान्त छन् । थोरै भए पनि मलमपट्टि लगाइदिने कोही छैन । पैसा हुने त जसोतसो बाँचेकै छ । तर, पैसा नहुनेहरू मृत्युलाई कुर्नु सिवाय केही गर्न सक्ने अवस्थामा छैनन् । राज्यको व्यवस्थापन कमजोर हुँदा गरिब नागरिकमा हाहाकार छाएको छ ।

यही बेलामा जताततै कालो बजारी, तस्करी र महँगी मौलाएको छ । यस्तो अवस्थालाई नियन्त्रण नगरी राज्य नै माफियाको कब्जामा पर्नाले नागरिकहरू महंगीको सिकार भएका छन् । यतिबेला नागरिकहरूमा निकै ठूलो तनाव र चिन्ताको अवस्था सिर्जना भएको छ । भोकले मरिने हो कि रोगले भन्ने त्राहिमाम छ । कोरोना महामारीको प्रकोप कुनै जाति, वर्ग, समुदाय र पार्टी विशेषको होइन । यो सबैको साझा समस्या हो । यस्तो साझा समस्यासँग जुध्न सबै मिल्न आवश्यक छ ।

कोरोनासँग सम्बन्धित समस्यालाई विशिष्टीकरण गरी प्राथमिकताका साथ निवारण गर्न जरुरी छ । नागरिकको जीवनमा परेको अहिलेको सङ्कटमाथि बज्रपात गर्ने जुनसुकै प्रवृत्ति र पात्रमाथि यथाशीघ्र नियन्त्रण र कारबाही हुन जरुरी छ । राज्य प्रणाली र शासक सबैभन्दा पहिला सुध्रिनु जरुरी छ । अहिलेको राजनीतिक विचलन र विनाशकारी विचार र व्यवहारलाई नियन्त्रण गरी सतर्कतापूर्वक कोरोनासँग लड्न जरुरी छ ।

कोरोनासँग लड्ने विषयको नेतृत्व सरकार र राजनीतिक दलहरूले नै गर्ने हो । केही समय सत्ता र भत्ताको फोहोरी खेललाई छाडेर कोरोनासँग लड्न एकीकृत रूपमा सङ्गठित भई समाजका सबै वर्ग, समुदायलाई सङ्गठित गरी अगाडि बढ्न जरुरी छ । नेताहरूले तीता मीठा सबै कुराहरूलाई बिर्सिएर तेरो मेरो नभनी एक भएर कोरोनाविरुद्ध लड्न जरुरी छ ।

अझै पनि कोरोनालाई उपहास गरेर राजनीतिको फोहोरी खेल देखाउँदै गएमा अहिलेका राजनीतिक दल र त्यसको नेतृत्वलाई जनताले कदापि माफी गर्ने छैन । त्यसैले बेलैमा सोचौँ अहिले पनि धेरै बिग्रिएको छैन । अझै पनि हामी आफ्नो स्वार्थ छाडी एक भएर अगाडि बढे कोरोनालाई जित्न र त्यसले दिएको चोटलाई उपचार गर्न सक्छौँ ।

कहाँ छ यो देशको सरकार ?

दुर्गाबहादुर लुइँटेल

वितेको एकवर्ष अघिदेखि नोवल कोरोना भाइरसको कारण विश्व थला परेको छ । विश्वका कलकारखना, उद्योग, शैक्षिक, प्रतिष्ठान सवै खाले व्यपार व्यवसाय ठप्प छन् । यसैका कारण लाखौं सर्वसाधारणले ज्यान गुमाइसकेका छन् । यसबाट संक्रमित भएर विभिन्न अस्पतालका बेडमा जीवनमरनसँग पौडीजोरी खेल्नेको संख्या पनि कम छैन् । अथवा अहिले कोभिडका कारण विश्व बन्दाबन्दी लकडाउनको अवस्थामा छ ।

यो पीडाबाट हाम्रो देश नेपाल पनि अछुतो रहन सकेको छैन् । हजारौको ज्यान गइसक्यो । संक्रमितको संख्या पनि उत्तिकै, यसको पीडा भोग्नेलाई मात्र थाहा हुन्छ । उपचारको लागि अस्पताल पुगेको एउटा सर्वसाधारण अस्पतालमा वेड नपाएर अलपत्र परेको छ । अक्सिजन अभावमा मृत्युबरण गरिरहेको छ वा औषधि नै नपाएर उ मर्न बाध्य छ । कोभिडको पीडाले उस्लाई जति पोल्छ त्योभन्दा बढी अस्पतालमा उपचार नपाएर मर्नु परेको पीडाले उस्लाई र उस्को परिवारलाई पोलिरहेको छ ।

सरकार भने 'काम कुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' भन्ने उखान चरितार्थ गर्न तल्लिन छ वा मेरो देशको सरकार एउटा कोभिड बिरामीको उपचारमा होइन, उसलाई कसरी बचाउँ भन्नेतर्फ नभएर सरकार गठन र सत्ताको बागडोर कसरी समात्न पाइन्छ भनेर लागेको छ । सरकारले यस्तो बेला कुरा किन नबुझेको ? अहिले सत्ता हुत्याउनका लागि अनेक खालका बखेडा निकालेर अल्मिलिनु हुँदैन यो बेला आफ्नो देशका नागरिक बचाउन लाग्नुपर्छ भनेर । नेपाली जनता अस्पतालमा उपचारका लागि वेड, औषधि र अक्सिजन खोजी रहेका छन् । तर, यो देशका राजनीतिक दल र तीनका नेताहरु सरकार, प्रधानमन्त्री र कुर्सी खोजी रहेका छन् । यस्तो सरकार र राजनीतिक दलबाट आम नेपाली जनताले के अपेक्षा गर्ने ? प्रधानमन्नी केपी शर्मा ओली नेतृत्वको सरकार र यो देशका राजनीतिक दलहरुले ले एउटा कुरा बुझ्न जरुरी छ ।

त्यो के हो भने अहिले नेपाली जनताले सरकार र कुर्सीका लागि अवसर खोजी रहेका छैनन्, अवसर होइन अक्सिजन, सत्ता लडाउने खेल नभएर कोभिडलाई परास्त गर्ने शक्ति खोजी रहेका छन् । यसतर्फ नेपाल सरकार, यो देशका राजनीतिक दल र तीनका नेताहरु गम्भीर बन्नुपर्छ कि पर्दैन ? नत्र यसको हिसाब किताब नेपाली जनताले राखेका छन् । चुनावका बखत यो देशका राजनीतिक दल र तीनका नेताहरुको भाग्य र भविष्यको निर्धारण ती नै जनताले नै गर्छन् भन्ने हेक्का अब पनि नराख्ने हो भने तपाईंहरु कता जाँदै हुनुहुन्छ ? गम्भीर बन्ने कि नबन्ने ? समय ढिला भइसक्यो ।

झण्डै-झण्डै दुईतिहाईको नजिक पुगेको प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारको हविगत सबैले देखे । जनता अक्सिजन औषधि र अस्पतालमा वेड नपाएर सडकपेटीमै मर्न बाध्य भइरहेका बखत यो देशका टाउके वा पछिल्लो नेपालको राष्ट्रिय राजनीतिकका कारण नेपालीहरु भनिरहेका छन्- 'राजनीतिक भनेको फोहोरी खेल हो भन्थे हो रहेछ ।' यो देशका नेताहरुमा थोरै त अक्कल हुनुपर्ने हो नि अहिलेको अवस्था देशमा सरकार गठन र कुर्सीको खिचातानीमा लडाई नगरी नेपाली जनताको जीवन बचाउँन लाग्नुपर्छ भन्ने । जसले उनीहरुलाई मतदान गरेर कुर्सीमा पुर्‍याए, नामको पछाडि फूर्को झुण्ड्याउने हैसियतको बनाए उनीहरुले आफ्नो कर्तव्य बिर्सेर आज नेपाली जनताको टाउकोमा टेकेर पछाडीबाट हान्ने काम भइरहेको छ । नत्र किन यो सरकार र दल अनि दलका नेता नेपाली जनताप्रति जिम्मेवार बन्दैनन् । यस्तो गैरजिम्मेवार बन्ने अधिकार उनीहरुलाई कस्ले दियो ? यसको मूल्याङ्कन नेपाली जनताले समय आएका बखत अवश्य गर्नेछन् ।

गरीब निमुखा जनताहरु दैनिक खाना, नाना र छानाको लागि संघर्षशील छन् भने स्वास्थय उपचार सरल र सहज नहुँदा बचाउन सकिने आफ्ना मान्छेहरु समेत मरिरहेको टुलुटुलु हेर्न बाध्य छन् । तर, यो देशको सरकार, दल र दलका नेता सत्ताका लागि संघर्ष गरिरहेका छन् । यस्तो महामारीको बेला सरकारले नेपाली जनताको जीउधनको सुरक्षा गर्नुको साटो एकले अर्कालाई गाली गलेका भाषा भनेर भनि सक्नु छैन् ।

संकटको बेला राष्ट्रका हरेक नागरिकले आफूले सकेको योगदान कोभिड-१९को नियन्त्रणमा पुऱ्याउनुपर्ने अवस्था एकातिर छ भने अर्कातिर यो देशमा काम चलाउ सरकार छ । समस्यामा परेको बेला जनताको सबैभन्दा आशाको केन्द्र र भरोसा अभिभावक सरकार हो । तर, आम नेपाली जनता अहिले अभिभावकविहीन झै छन् । अभिभावक खोजीरहेका छन् । निजी स्वार्थका लागि अघि बढ्ने यस्ता जनप्रतिनिधिहरुबाट नेपाली जनताहरुले कहिलेसम्म दुःख पाइरहने छ । 'समृद्ध नेपाल सुखी नेपाली' को नारा त अघि सारियो । तर, नारा व्यवहारमा होइन कागतमै सीमित हुन सम्भावना पनि उत्तिकै छ ।

जबसम्म देशमा स्थिर सरकार हुँदैन तबसम्म देश विकास र समृद्धिको बाटोमा अघि बढ्न सक्दैनभन्दा खासै अत्युक्ति नहोला ? अहिले हामीले हाम्रो व्यवस्थाप्रति गम्भीर हुने बेला आएको छ । अहिले गम्भीर भएर विश्लेषण गर्नुपर्ने बेला आएको छ । अहिले व्यवस्थामा कुनै पनि पार्टीको बहुमत आउने सम्भावन ज्यादै न्यून भएको कारण हामीले यही व्यवस्थामा रहेर स्थिर सरकारको परिकल्पना गर्ने अवस्था छ त ? चौतर्फी प्रश्न तेर्सिएको छ । अब हामीले संसदीय व्यवस्थाको विकल्प खोज्ने वा सुधारिएको संसदीय व्यवस्था ल्याउने जमर्को गर्नुपर्ने देखिन्छ र मात्र देशमा स्थायी दिगो सरकार बन्न सक्ने अवस्था महशुस गर्न थालिएको छ ।

त्यसको विकल्पमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा कार्यकारी प्रधानमन्त्री भएको व्यवस्थातर्फ सोच्न ढिला भइसकेको छ । यदि संसदीय व्यवस्था नै राख्ने हो भने पनि सांसदहरुको भूमिकालाई मात्र देशको कानून र नीति निर्माणमा सीमित गर्ने र विज्ञहरुको टोली वा समूहलाई मन्त्री बनाएर काम गर्ने व्यवस्था गर्नसक्नु पर्दछ । संविधानमै स्थिर सरकारको लागि अविश्वासको प्रस्ताव कम्तिमा पनि सरकारको कार्यकाल भरी पेश गर्न नसक्ने व्यवस्था मिलाउनुपर्छ ।

सरकारले जनआकांक्षा बमोजिम काम नगरे राष्ट्रपति वा प्रधानमन्त्रीलाई महाअभियोग लगाएर पदबाट हटाउन सक्ने व्यवस्था भने गर्न सकिन्छ । यदि हामीले स्थिर सरकार दिन सकेनौं भने सरकारले विकास निर्माण र राष्ट्रको र जनताको जीवनस्तर उकास्न कुनै पनि काम गर्न सक्दैन भन्ने विगतमा सरकार बनाउने र गिराउने खेलले समेत पुष्टि गरिसकेको छ । अहिलेको महामारीसँग जुध्न देश एक ढिक्का हुनुपर्नेमा देशका राजनीतिक दलहरु सरकार गिराउने र गठन गर्ने दाउपेचमा लाग्नाले जनताले अत्याधिक सास्ती भोग्नुपरेको छ । अतः अहिलेको अवस्थामा सम्पूर्ण दलहरु गणितीय जोड घटाउ र एकले अर्काको पार्टी फूटाउने र तहस नहस पार्ने काममा समय खेर फाल्नु हुँदैन भन्ने मेरो बुझाइ हो । राष्ट्रिय सहमतिको सरकार गठन गर्ने र अहिलेका पहिलो पुस्ताका सबै नेताहरुलाई विदाइ गरी दोस्रो पुस्ताबाट प्रधानमन्त्री बनाइ नयाँ सरकार गठन गर्नीतिर दलहरु मिल्न आवश्यक छ । यदि नेताहरुले त्यसतर्फ ध्यान नदिने हो भने चुनाव आउन धेरै समय बाँकी छैन ।

(लेखक काँकरभिट्टा बहुमुखी क्याम्पसका सहायक प्राध्यापक हुन् ।)

संक्रमितलाई घर-घरमै औषधि

विनोद सापकोटा

शिवगञ्ज, बैशाख ३०। दोस्रो लहरको कोरोना संक्रमण दिनानुदिन बढ्दै गएपछि झापाको शिवसताक्षीमा रोग प्रतिरोधात्मक क्षमता बढाउने आयुर्वेदिक औषधि संक्रमितका घरघरमा पुऱ्याउन थालिएको छ।

केहीदिन अघि आयुर्वेद विभागले जारी गरेको प्रोटोकल अनुसार दूधे आयुर्वेद औषधालयले संक्रमितका घर-घरमै जडीबुटी जन्य औषधि पुऱ्याउन थालेको हो। स्थानीय पालिकासँग समन्वय गरेर संक्रमितका घरमा रोगप्रतिरोधात्मक क्षमता बढाउने जडीबुटी जन्य औषधि पुऱ्याउन थालिएको दूधे आयुर्वेद औषधालयका कविराज राजेन्द्र पोखेलले बताए।

जिल्लाको शिवसताक्षी नगरपालिका वडा नम्बर ६मा वडाध्यक्ष मनोज खुलाल कार्कीलगायतका जनप्रतिनिधिले रोग प्रतिरोधात्मक क्षमता बढाउने जडीबुटी जन्य औषधि उपहार पुऱ्याएका हुन्। वडा कार्यपालिका सदस्य लक्ष्मी गुरागाँई, बद्रीनाथ खनाल र इलाका प्रहरी कार्यालय शिवगञ्जको टोली संक्रमितका घरमा पुगेको हो। स्वास्थ्यकर्मी र जनप्रतिनिधिको टोली औषधि लिएर घरमा आउँदा आफूहरूलाई आधा रोग निको भएको महशुस सङ्गमितले गरेका छन्।

कोरोना संक्रमण पुष्टि भएपछि होम आइसोलेशनमा रहेकी गोमादेवी कार्कीले वडाध्यक्ष आफै आयुर्वेदका कविराज सहित औषधि लिएर घरमा आउँदा ज्वरो घटेको महशुस भएको बताइन्। छरछिमेक र आफन्तको सम्पर्कमा नरहेकी कार्कीले बुधवार वडाध्यक्ष र कविराजसँग कोभिडका बारेमा धौं फुकाएर कुरा गर्न पाइन्। 'घरैमा शक्तिवर्द्धक औषधि लिएर आउँदा मेरो आत्मबल उच्च भएको छ'- उनले भनिन्।

वडाध्यक्ष कार्कीले १८ वर्षीय अर्की कोरोना संक्रमित भावना कार्कीलाई पनि घरैमा गएर भेटेका थिए। कार्कीको अवस्था सामान्य रहेको छ। उनलाई सुझाउँदै अध्यक्ष कार्कीले भने- 'पटक-पटक तातोपानी, झोलिलो वस्तु, हरियो सागपातसँगै हामीले ल्याएको औषधि सेवन गर्दा कोरोनालाई सहजै जित्न सकिन्छ।'

गुडूची क्याप्सुल, आमलकी चूर्ण, कोर्डिजोन क्याप्सुल, च्यवनप्राश सहित माक्स र सेनिटाइजर वडा कार्यालयले संक्रमितलाई प्रदान गरेको हो। यस्तै अश्वगंधा चूर्ण, यष्ठीमधु चूर्ण लगायतका जडीबुटी जन्य औषधि पनि दूधे आयुर्वेद कार्यालयले सङ्गमितलाई घर-घरमा पुऱ्याउने कार्यक्रम भइरहेको कविराज पोखरेलले बताए।

वडा कार्यपालिकाले दिएका सबै औषधिले रोगप्रतिरोधात्मक क्षमता बढाउने र शरीरमा विभिन्न खाले भाइरसको असरलाई नियन्त्रण गर्ने कविराज पोखरेलले जानकारी दिए।

कविराज पोखरेलले संक्रमितलाई औषधि सेवन गर्ने तरिका सिकाउँदै शिवसताक्षी नगरमा धमाधम औषधि वितरण गर्ने काम भइरहेको बताए। 'हामी घरघरमा रहेका संक्रमित र अस्पतालमा रहेका संक्रमितलाई पनि रोग प्रतिरोधात्मक क्षमता बढाउने जडिबुटी जन्य औषधि लैजाने तयारीमा छौं'- कविराज पोखरेलले भने- 'जडीबुटी जन्य औषधिले शरीरमा कुनै साइड इफेक्ट गर्दैन।'

यसअघि दूधे आयुर्वेद औषधालय ले शिवसताक्षी नगरपालिकाको समन्वयमा २५ संक्रमितका घरमा जडीबुटी जन्यहरु प्रतिरोधात्मक क्षमता बढाउने औषधि लगेको थियो। शिवसताक्षी नगरमा कोरोनाको दोस्रो लहर शुरु भएपछि ४५ जना संक्रमित छन्। त्यसमध्ये छ जना कोरोनामुक्त भएका छन्। गम्भीर प्रकृतिका तीनजना संक्रमितको उपचारको क्रममा मृत्यु भएको शिवसताक्षी नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ।

नागरिकको जीवन बचाऊः कांग्रेस

भद्रपुर, बैशाख ३०। नेपाली कांग्रेस झापा क्षेत्र नम्बर ३ तथा भद्रपुर नगर समितिले कोरोना संक्रमणको केन्द्र बन्दै गएको भद्रपुर नगर क्षेत्रलाई रोग नियन्त्रणमा खेलवाड भएको भन्दै सच्चिन प्रशासनलाई चेतावनी दिएको छ।

दैनिक कोभिड-१९ संक्रमण तीव्र बन्दै गएको भद्रपुर नगरपालिकामा नगर प्रशासनले न्युनतम आवश्यकता समेत ख्यान नगर्दा रोगी उपचारमा पुग्न नपाई मर्नु पर्ने बाध्यता रहेको भन्दै काँग्रेसले नगर सरकारलाई जिम्मेवार बन्न अनुरोधसहित सच्चिन चेतावनी दिएको हो।

कांग्रेसले पछिल्लो पटक कोरोनाका कारण ज्यान गुमाएका भद्रपुरका युवाले अक्सिन नपाउँदा एम्बुलेन्समै जीवन समाप्त भएको प्रति लक्षित गरेर नगर सरकारको लापरवाही सच्याउन माग गरेको छ।

क्षेत्रीय सभापति गणेश पोखरेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- भद्रपुर नगरपालिका वडा नं. ४ निवासी कोरोना संक्रमित युवा साथी अनुप राजवंशीको भद्रपुर नगरपालिकाद्वारा सञ्चालित एम्बुलेन्समा राखी उपचारका लागि अस्पताल लैजाने क्रममा एम्बुलेन्समा अक्सिजनको व्यवस्था नभएका कारण मृत्यु भएको भन्ने सामाजिक सञ्जालमार्फत मृतकका परिवारले बताएको तथ्यप्रति हाम्रो पाटी नेपाली कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको छ।

सामान्य व्यवस्थापकीय जिम्मेवारीभित्र पर्ने यस किसिमका विषयलाई नजरअन्दाज गर्दा त्यसले निम्त्याउने अपुरणीय क्षतिप्रति उच्च सम्वेदनशील हुँदै नगरपालिकाद्वारा सञ्चालित एम्बुलेन्समा अविलम्ब अक्सिजन राख्ने व्यवस्था मिलाउन नगरपालिकाको ध्यानाकर्षण गर्दछौं।

साथै संकटको यस घडीमा जनस्वास्थ्य सम्वन्धी मुख्य प्राथमिक कर्तव्यबाट विचलित भद्रपुर नगरपालिका र यसको नेतृत्वलाई आफ्नो सोच तथा कार्यशैलीमा तत्कालै सुधार गर्दै कोरोना संक्रमणको रोकथाम, उपचार तथा नियन्त्रणमा आफ्नो सम्पूर्ण शक्तिलाई परिचालन गरी जवाफदेही ढंगले आफ्नो जिम्मेवारी पूरा गर्न सचेत खवरदारी गर्दछौं। अन्त्यमा, साथी अनुप राजवंशीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं भनिएको छ।

कोभिड समन्वय कोष स्थापना

विराटनगर, वैशाख ३०। नेपाल पत्रकार महासंघ मोरङ शाखाले कोरोना संक्रमण भएर उपचारमा समस्या भएका पत्रकारहरूका लागि कोरोना कोभिड समन्वय कोष स्थापना गरेको छ।

विहीवारदेखि सञ्चालनमाल्याईएको कोषमा महासंघका सल्लाहकार र कार्य समितिकातर्फबाट ५१ हजार रुपैयाँ जम्मा गरिएको छ। कोषमा प्रदेश सरकारबाट प्राप्त हुने २ लाख पनि थप गरिने महासंघ अध्यक्ष सञ्जीव खनालले बताए। उनले भने- 'कोषमा सहयोगका लागि दाताहरूलाई पनि आव्हान गर्दछौं।' कोष सञ्चालन तथा व्यवस्थापनका लागि अध्यक्ष खनालको संयोजकत्वमा सल्लाहकार शकंर खरेल, सचिव नेत्रपी अधिकारी र कोषाध्यक्ष अभयकुमार राई सदस्यरहने गरी समिति गठन गरिएको महासंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

कोरोना संक्रमणमा परेका सञ्चारकर्मीहरुलाई अस्पतालमा भर्ना तथा प्रदेश र स्थानीय सरकारसँगको समन्वयका लागि महासंघ अध्यक्ष खनालको संयोजकत्वमा कार्य 'ऱ्यापिड रेस्पोन्स टिम' गठन गरिएको छ। ऱ्यापिड रेस्पोन्स टिममा सल्लाहकार शंकर खरेल, उपाध्यक्ष मोहन भट्टराई, तारा आचार्य, सचिव नेत्रपी अधिकारी, कोषाध्यक्ष अभयकुमार राई सहित कार्यसमिति सदस्यहरुलाई आवश्यक सहयोगका लागि जिम्मेवारी दिइएको विज्ञप्तिमा जनाइएको छ।

समाचार संकलनतथा सम्प्रेषणका क्रममा संक्रमितहुने सञ्चारकर्मीहरूलाई तत्काल उपचारको प्रवन्ध मिलाउनका लागि प्रदेश नं. १ सरकार, स्थानीय सरकारहरूको महासंघले ध्यानाकर्षण गराएको छ। कोरोना संक्रमण भई आइसोलेसन केन्द्र र होम आइसोलेसनमा रहेका सञ्चारकर्मीको स्वास्थ्यलाभको कामना गर्दै दैनिक स्थलगत समाचार संकलन/सम्प्रेषणमा खटिने सञ्चारकर्मीलाई स्वास्थ्य सावधानी अपनाउँदै र अत्यावस्यक काम बाहेक घरबाटै समाचार संकलन तथा सम्प्रेषणका लागि महासंघले आग्रह गरेको छ।

सुरक्षित रिपोर्टिङ प्रशिक्षण

युद्धबहादुर बोहोरा

पाँचथर, बैशाख ३०। पाँचथरका पत्रकारलाई कोरोनाको जोखिममा सुरक्षित रिपोर्टिङ गर्न र मल्टीमिडिया टुल्सको प्रयोग गर्ने सम्बन्धि प्रशिक्षण गरिएको छ।

नेपाल पत्रकार महासंघ पाँचथर शाखाको आयोजना तथा नेपाल इभेष्टिगेटिभ मल्टिमिडिया जर्नालिजम नेटवर्कको सहकार्यमा जुम प्रविधिको माध्यमबाट करिब एक घण्टा २० मिनेट लामो भर्चुअल छलफल तथा प्रशिक्षण सम्पन्न भएको छ।

कोरोना भाइरसको संक्रमणले उत्पन्न गरेको जटिल परिस्थितिमा सुरक्षित रहेर काम गर्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै प्रशिक्षण सञ्चालन गरिएको संघका जिल्ला शाखा अध्यक्ष गिरिराज बाँस्कोटाले जानकारी दिए।

अध्यक्ष बाँस्कोटाले प्रस्तुत गरेको उक्त कार्याशाला मल्टिमिडिया जर्नालिष्ट तथा निमजेनका सम्पादक रजनिश भण्डारीद्वारा प्रशिक्षण गरिएको थियो। कोरोना महामारीका बेला स्वास्थ्य जोखिमबाट बचेर कसरी सुरक्षित रिपोर्टिङ गर्ने, सञ्चारकर्मीले मल्टीमिडिया टुल्स कसरी चलाउने र कसरी फ्याट चेक गर्ने ? लगायतका सवालमा प्रशिक्षण साथै सहभागीले राखेका जिज्ञासाहरुलाई प्रष्ट्याएका थिए।

प्रमुख अतिथि नेपाल पत्रकार महासंघका केन्द्रिय अध्यक्ष बिपुल पोखरेलले कार्यशालामा सम्बोधन गर्दै आम नागरिकलाई कोरोना महामारीको सचेतना, सन्देश र सूचना प्रवाह गर्न संचार माध्यमले ८५ प्रतिशत भूमिका निर्वाह गरेको दावी गरे। सूचना दिने काममा समाज प्रति पत्रकारको दायित्व र पेशागत धर्म भएको हुँदा निरन्तर क्रियाशील भएर लाग्न आग्रह गर्दै सूचनाको वास्तविक श्रोत र प्रमाणसहित सम्प्रेषण गर्न समेत सुझाव दिए।

पत्रकार महासंघ १ नम्बर प्रदेशका अध्यक्ष लीलाबल्भ घिमिरे, प्रदेश समितिका सदस्य, इलाम, झापा, तेह्रथुम, मनाङ लगायतका जिल्ला शाखा अध्यक्ष, अधिकांश पाँचथरका पत्रकारसहित ६५ जना पत्रकारहरु जुम प्रविधिमा जोडिएर कार्यक्रममा सहभागिता जनाएका थिए।

कार्यक्रमको समापन गर्दै अन्यत्यमा आगामी दिनमा पत्रकारका क्षमता विकासका लागि विभिन्न तालिम, कार्यशाला तथा फेलोसिफका कार्यक्रम अघि बढाइने अध्यक्ष बाँस्कोटाले प्रतिवद्धता व्यक्त गरेका छन्। संघका केन्द्रीय अध्यक्ष, प्रशिक्षक तथा सहभागीहरु सबैलाई सहभागिताको लागि धन्यवाद समेत ज्ञापन गरेका छन्।

बुधबारे जेसीजको भवन बनाउन दाहालबाट १५ हजार

बुधबारे, बैशाख ३०। आफ्नै सचिवालय भवन निर्माणका लागि बुधबारे जेसीजले शुरु गरेको 'मेरो पनि योगदान छ' अभियानमा बुद्धशान्ति-३का युवा व्यवसायी मनेश दाहालले रु. १५ हजार सहयोग गरेका छन्।

दाहालले आफ्नो जन्मदिनको अवसर पारेर बुधबारे जेसीजको भवन निर्माणका लागि सो रकम सहयोग गरेका भवन निर्माण समिति संयोजक नन्दकुमार याफू राईले बताएका छन्।

५० लाख रुपैंयाको अनुमानित लागतमा निर्माण सम्पन्न हुने तीनतले भवन निर्माणका बुद्धशान्ति-१का शिक्षासेवी ज्ञानेन्द्रप्रसाद धिमिरेको परिवारले बुद्धशान्ति-१को नमूना चोकमा १० धुर जग्गा निःशुल्क प्रदान गरेको थियो। सोहि ठाउँमा भवन बन्न लागेको हो।

बुधबारे जेसीजले भवन निर्माण कार्य पूरा गर्न 'मेरो पनि योगदान छ' कार्यक्रम ल्याएपछि भवन निर्माणका लागि सहयोगी हातहरु अघि बढ्न थालेका छन्। भवन सबैको साझा हुने हुँदा 'मेरो पनि योगदान छ' कार्यक्रम अनुसार सबैको अपनत्व हुने गरी भवन निर्माण कार्य सम्पन्न गरिने बुधबारे जेसीजका अध्यक्ष अनिल वाग्लेले बताएका छन्। सबैलाई भवन निर्माणमा सहयोग गर्न बुधबारे जेसीजले अपिल समेत गरेको छ।

पल्स अक्सिमिटरको प्रयोग कसरी गर्ने ?

कोरोना संक्रमण बढेसँगै हामीलाई आफ्नो शरीरमा अक्सिजनको स्तर के छ भनी चिन्ता बढेको छ। शरीरमा अक्सिजनको मात्रा कति छ भनेर जाँच्नका लागि बजारमा एक उपकरण उपलब्ध छ, अक्सिमिटर। यसलाई कसरी प्रयोग गर्ने ? कहिले गर्ने ? यसबारे भने जानकारी हुन जरुरी छ। यससँगै के पनि जरुरी छ भने के तपाईंले यसको प्रयोग सही रुपमा गरिरहनुभएको त छ ?

चिकित्सकहरुको अनुसार यसको प्रयोग तबमात्र गर्नु उचित हुन्छ, जब पाँच दिनसम्म तपाईंको स्वास्थ्य अस्थिर हुन्छ। यस्तो स्थितीमा पल्स अक्सिमिटिर प्रयोग गर्न सकिन्छ।

कसरी गर्ने ?

- अक्सिमिटरलाई दिनहुँ प्रयोग नगरौं।
- यदि नेल पोलिस लगाउनुभएको छ भने त्यसलाई हटाउनुहोस्।
- एउटै हातको औलामा मात्र नभई हातको अर्को औलामा पनि मीटर लगाएर जाँच गर्नुहोस्।
- दुई तीन पटक परीक्षण गर्दा जुन सबैभन्दा बढी रिडिङ आउँछ, त्यसैलाई सही मान्नुहोस्।

यो तरिका पनि उचित हुन्छ

-करिब ७ मिनेटसम्म हिँडडुल गरौं। यसपछि

अक्सिमिटरको प्रयोग गरेर लेभल जाँचौं।

- यदि हिँडडुल गरेपछि अक्सिमिटरमा अक्सिजनको लेभल चार प्रतिशतसम्म कम देखियो भने बाँकी परीक्षण जरुरी हुन्छ।
- यदि हिँडडुलपछि लेभल ९४ माथि आउँछ भने चिन्ता गर्नुपर्ने केही छैन, तपाईं ठीक हुनुहुन्छ।

संक्रमणलाई सही ढंगले पहिचान गर्नका लागि

-आफ्नो लक्षणमा ध्यान दिनुपर्छ।
-आरम गर्नुपर्छ।
-राम्रो डाइट लिनुपर्छ।
-नअत्तालिनुहोस्।
- यी सबै हुँदाहुँदै पनि अस्वस्थ महसुष गरिरहनुभएको छ भने चिकित्सकसँग भेट्नुपर्छ।

पसल बिक्रीमा

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा।

सम्पर्क : ९८१४९६३४८८

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रबो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'

सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।

सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्याराालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राहयता।

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ। रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - अध्यात्मभाव जागृत हुनाले परोपकारी काममा प्रवृत्त भइनेछ। शुभचिन्तकहरूलाई साथमा लिएर काममा जुट्नुहोला।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - महत्वाकांक्षी योजना थालनी हुनेछ। आजको मिहिनेतले भविष्यमा नाम, दाम र प्रतिष्ठा दिलाउनेछ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - स्वास्थ्य कमजोर रहनाले काममा पनि बाधा हुन सक्छ। केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - अर्थ अभावले पनि मन पिरोलिन सक्छ। मेहनतले स्थितिमा सकारात्मक परिवर्तन ल्याउनेछ। शुभचिन्तकहरूले केही आशा जगाउने छन्।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - समस्या दर्शाउँदा सहयोगीहरूले साथ दिने छन् र आंशिक सफलता मिल्नेछ। उपलब्धिका लागि केही समय प्रतिक्षा गर्नुपर्ला।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) - कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ। तापनि दिन मनोरञ्जनपूर्ण र उत्साहवर्द्धक रहनेछ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - लगनशीलताले नयाँ-नयाँ काम गर्ने अवसर समेत दिलाउनेछ। साथीभाइको सहयोगले हौसला जाग्नेछ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - रमाइला ठाउँको भ्रमण गर्ने अवसर जुट्नुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिने सम्भावना छ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - अवसरका लागि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। समयमा लगनशील बन्न नसक्दा प्रतिस्पर्धीहरूले फाइदा उठाउन सक्छन्।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ। प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - इर्ष्या गर्नेहरूबाट सजग रहनुहोला। हिम्मत गर्दा अप्ठ्यारो स्थितिमा पनि काम सम्पादन हुनेछ।